# आकस्मिक सेवाटेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावना**

प्राकृतिक विपद् एवम् महामारीजन्य रोग कीरावाट कृषि तथा पशुपन्छी उत्पादनमा क्षति पुऱ्याएमा तथा कृषि, पशुपन्छी फर्म, सहकारी संस्था वा भौतिक संरचनामा क्षति भएमा प्रभावित कृषकहरूलाई प्रदेश सरकारको तर्फवाट राहत उपलब्ध गराउने उद्देश्यले वार्षिक स्वीकृत वजेटमा समावेश भएको आकस्मिक सेवाटेवा कार्यक्रम सञ्चालनलाई पारदर्शी र प्रभावकारी वनाउनको लागि कार्यविधि बनाई सोही अनुसार कार्यक्रम सञ्चालन गर्न वान्छनीय भएकोले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि तयार गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

१) यो कार्यविधिको नाम **"आकस्मिक सेवाटेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५"** रहनेछ।

२) यो कार्यविधि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

३) यो कार्यविधि गण्डकी प्रदेशभर लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अनुदान सहयोग" भन्नाले आकस्मिक सेवाटेवा कार्यक्रम मार्फत उपलब्ध गराउने चालु तथा पुँजीगत प्रकृतिका सामग्रीहरू वुझ्नु पर्छ । साथै सो शब्दले उक्त सामग्रीहरू खरिद गरेपछि सो वापत दिइने रकमको भुक्तानी समेतलाई जनाउँछ।

(ख) "आकस्मिक सेवाटेवा" भन्नाले प्राकृतिक विपद् एवम् माहामारीजन्य रोगकीरावाट कृषि, पशुपन्छी, मत्स्य तथा सहकारी उत्पादनमा क्षति व्यहोरेका कृषकहरूको लागि राहत पुऱ्याउने उद्देश्यले सञ्चालन गरिने कृषि तथा पशुपालन सम्वन्धी कार्यक्रमहरू वुझ्नु पर्दछ ।साथै यसले अन्य वार्षिक स्वीकृत कार्यक्रमवाट सम्बोधन हुन नसक्ने आकस्मिकरूपमा माग गरिएका कार्यक्रममा गरिने सहयोगलाई समेत जनाउँछ।

(ग) "आवेदक" भन्नाले यस कार्यविधि वमोजिम राहत पाउन निवेदन दिएका कृषक/ कृषक समूह/कृषि सहकारी संस्था सम्झनु पर्दछ।

(घ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशलाई सम्झनुपर्दछ।

(ङ) "निर्देशनालय (कृषि)" भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनुपर्दछ।

प्रदेश सरकार भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

सचिव

(च) "निर्देशनालय (पशुपन्छी)" भन्नाले मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्दछ।

(छ) "ज्ञान केन्द्र" भन्नाले कृषि ज्ञान केन्द्र भन्ने सम्झनुपर्दछ।

(ज) "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पतालन तथा पशु सेवा विज्ञ केन्द्र सम्झनुपर्दछ।

(झ) "स्थानीय तह" भन्नाले यस कार्यविधि अनुरूप आकस्मिक सेवाटेवा कार्यक्रम सञ्चालनमा सहयोग गर्ने गाउँपालिका वा नगरपालिका भन्ने सम्झनुपर्छ। सो शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई बुझाँउछ।

(ञ) "प्राङ्गारिक मल" भन्नाले नेपालमा उत्पादन भई प्राङ्गारिक तथा जैविक मल नियमन निर्देशिका २०६८ (संसोधन सहित) अनुरूप दर्ता भएका प्राङ्गारिक मलहरू सम्झनुपर्दछ।

(ट) "समिति" भन्नाले दफा ६ बमोजिम गठित प्रादेशिक आकस्मिक सहयोग सिफारिस समिति भन्ने सम्झनुपर्दछ।

(ट) "प्रभावित" भन्नाले प्राकृतिक विपद् एवम् महामारीजन्य रोगकीराबाट कृषि तथा पशुपन्छी उत्पादनमा क्षति पुर्याएको तथा कृषि, पशुपन्छी फर्म, कृषि सहकारी संस्था वा भौतिक संरचनामा क्षति पुर्याएको मानिनेछ।

**३. कार्यक्रमका उद्देश्यहरू :**

यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको उद्देश्यहरू देहाय बमोजिम हुनेछन्।

(क) प्रभावित क्षेत्रका कृषकहरूलाई राहत उपलब्ध गराउने।

(ख) प्राकृतिक प्रकोपबाट क्षति पुगेका सिँचाइ लगायतका भौतिक संरचनाहरूको मर्मतसम्भारमा सहयोग गर्ने।

(ग) महामारीजन्य रोग र कीराको प्रकोपबाट हुने क्षतिको रोकथाममा सहयोग पुर्याउने।

(घ) नियमित स्वीकृत कार्यक्रमबाट तत्काल सम्बोधन गर्न नसकिने प्रकृतिका समस्या सम्बोधन गर्न सहयोग गर्ने।

(ङ) आकस्मिक रूपमा तत्काल सम्बोधन गर्नुपर्ने विषयमा सहयोग उपलब्ध गराउने।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन सम्बन्धी प्रक्रिया

४. कार्यक्रम सञ्चालन : यस कार्यविधि बमोजिमका कार्यक्रमको सञ्चालन मन्त्रालय वा निर्देशनालयबाट हुनेछ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

सचिव

५. निवेदन पेश गर्ने :

१) प्रभावित कृषकहरूले आफूलाई भएको क्षतिको राहत पाउनको लागि सम्वन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रमा क्षतिको विवरण सहित निवेदन पेश गर्नुपर्नेछ। यस्तो प्रकारको निवेदन प्रभावित भएको मितिले ३५ दिनभित्र दिनुपर्नेछ, अन्यथा मन्त्रालय वा मातहतको निकाय निवेदन उपर कारवाही गर्न बाध्य हुने छैन।

२) निवेदन प्राप्त भएपश्चात सम्वन्धित केन्द्र वा विज्ञ केन्द्रले आवश्यकतानुसार संयुक्त वा एकल रूपमा उक्त क्षति भएको स्थलको तुरुन्त अनुगमन निरीक्षण गरेर सोको क्षतिको विवरण र उपलब्ध गराउन मनासिव हुने राहत समेतको प्रतिवेदन जति सक्दो छिटो माध्यमवाट निर्देशनालय वा मन्त्रालयमा पठाउनु पर्दछ।

६. प्रादेशिक आकस्मिक सहयोग सिफारिस समिति :

१) दफा ५ बमोजिम प्राप्त निवेदनहरू उपर छानविन गरी क्षतिको सेवाटेवा वितरणका लागि मन्त्रालयले देहाय बमोजिमको आकस्मिक सहयोग सिफारिस समिति गठन गर्नेछ।

| | | |
|---|---|---|
| क) | प्रमुख, खाद्यसुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा/प्रमुख, पशुपन्छी विकास महाशाखा/प्रमुख, प्रशासन तथा सहकारी विकास महाशाखा | संयोजक |
| ख) | प्रमुख, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा, मन्त्रालय | सदस्य |
| ग) | अधिकृतस्तरको प्रतिनिधि, निर्देशनालय (कृषि) | सदस्य |
| घ) | अधिकृतस्तरको प्रतिनिधि, निर्देशनालय (पशुपन्छी) | सदस्य |
| ङ) | अधिकृत, खाद्यसुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा/पशुपन्छी विकास महाशाखा/प्रशासन तथा सहकारी विकास महाशाखा | सदस्य सचिव |

२) कृषितर्फ पुगेको क्षतिको अवस्थामा खाद्यसुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखाको प्रमुख संयोजक रही सोही महाशाखाको अधिकृत सदस्य सचिव रहने, पशुपन्छी तथा मत्स्यतर्फ पुगेको क्षतिको हकमा पशुपन्छी विकास महाशाखाको प्रमुख संयोजक रही सोही महाशाखाको अधिकृत सदस्य सचिव रहने र सहकारीतर्फ क्षति पुगेको हकमा प्रशासन तथा सहकारी विकास महाशाखाको प्रमुख संयोजक हुने र सोही महाशाखाको अधिकृत सदस्य सचिव रहने।

३) उपदफा (२) बमोजिम संयोजक हुने महाशाखा प्रमुख रिक्त रहेको अवस्थामा मन्त्रालयका सचिवले समितिको संयोजक तोक्न सक्नेछ।

४) उपदफा (१) को समितिले क्षतिको थप वास्तविकता वुझ्नुपर्ने भएमा आवश्यकतानुसार सम्बन्धित केन्द्र वा विज्ञ केन्द्र वा स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा स्थलगत अनुगमन निरीक्षण समेत गर्नेछ।

५) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र समितिको बैठकमा बढीमा दुई (२) जना विषय सम्बन्धित विज्ञहरूलाई आमन्त्रण समेत गर्न सक्नेछ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

सचिव

६) उपदफा (१) बमोजिमको समितिले गरेको सिफारिसलाई स्वीकृत गर्ने अधिकार मन्त्रालयको सचिवलाई हुनेछ र तत्पश्चात मन्त्रालयले क्षतिको सेवा टेवा वा आकस्मिक सहयोग गर्नेछ।

७) कुनै पनि किसिमका प्राकृतिक प्रकोप/विपदबाट क्षति पुगेको कृषि तथा पशुपन्छी धनलाई अनुदान सहयोग गर्न परिच्छेद ३ वाहेकका अवस्थामा उपरोक्त समितिले आवश्यक निर्णय लिई सिफारिस गर्न सक्नेछ।

## परिच्छेद ३

## आकस्मिक सेवा-टेवा सम्बन्धी कार्यक्रमहरू

### ७. क्षतिग्रस्त कृषि तथा पशुपन्छी फर्म पुनर्स्थापना सहयोग कार्यक्रम :

कुनै पनि किसिमका प्राकृतिक प्रकोप/विपदवाट क्षति पुगेको कृषि तथा पशुपन्छी फर्मलाई केन्द्र वा विज्ञ केन्द्रले स्थलगत निरीक्षणबाट पेश भएको प्रतिवेदनको आधारमा समितिको सिफारिस बमोजिम बढीमा रु. ३,००,०००/-(रु. तीन लाख) सम्म पुनर्स्थापना सहयोग स्वरूप मन्त्रालयले उपलब्ध गराउन सक्नेछ।

### ८. आकस्मिक बाली संरक्षण तथा पशुपन्छी रोग नियन्त्रण सेवा :

वाली तथा पशुपन्छी धनमा लाग्ने महामारी रोग कीराको प्रकोप देखिना साथ आवेदकले रोग-कीराको रोकथाम गर्न केन्द्र वा विज्ञ केन्द्रमा अनुरोध गर्नु पर्नेछ। क्षतिको किसिम र परिमाण हेरी केन्द्र वा विज्ञ केन्द्रले प्रभावित क्षेत्रमा औषधि, विषादी, स्प्रेयर लगायतका उपकरण र प्राविधिक परामर्श सम्वन्धित स्थानीय तहको समन्वय र सिफारिसमा निःशुल्क उपलब्ध गराउनेछ। तर त्यसरी उपलब्ध भएको विषादी छर्कदा लाग्ने खर्च कृषक स्वयंले गर्नुपर्नेछ।

### ९. साना सिँचाइ आयोजना सहयोग तथा क्षतिग्रस्त सिँचाइ कुलो तथा पुर्वाधार मर्मत सुधार सहयोग कार्यक्रम

क्षतिग्रस्त सिँचाइ संरचनाका लागि आकस्मिक माग बमोजिम साना सिँचाइ प्रयोजनको लागि आवश्यक पाइप, थोपा सिँचाइ सेट, वाटर (पानी तान्ने) पम्प र प्लाष्टिक पोखरी निर्माणको लागि सहयोग उपलब्ध गराउन सकिने छ। साथै बाढी पहिरोबाट क्षतिग्रस्त भएका साना सिँचाइ कुलो तथा भौतिक पुर्वाधारहरूको मर्मत सुधारको लागि पनि सहयोग उपलब्ध गराउन सकिने छ। यी कार्यक्रम सञ्चालनको लागि सम्वन्धित केन्द्र वा विज्ञ केन्द्रले स्थलगत निरीक्षण गरी पठाएको प्रतिवेदनको आधारमा समितिबाट निर्णय भए बमोजिम कार्यक्रम सञ्चालनमा सहयोग गर्नेछ। प्राविधिकको फिल्ड निरीक्षण प्रतिवेदन, सम्वन्धित स्थानीय तहको सिफारिस, सामान खरिद विल र सामग्री वुझेको भरपाईको आधारमा बढीमा रु. ३,००,०००/-(रु. तीन लाख) सम्म अनुदान रकम सम्वन्धित आवेदकलाई उपलब्ध गराइनेछ । यसमा सम्वन्धित आवेदकले कुल लागतको कम्तीमा पनि १५ प्रतिशत रकम व्यहोर्नुपर्नेछ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

सचिव

१०. <u>अनुदानमा प्राङ्गारिक मल उपलब्ध गराउने कार्यक्रम</u> :

प्रभावित कृषकहरूले खडा बाली हटाइ त्यही बाली वा अर्को उपयुक्त बैकल्पिक बाली लगाउन चाहेमा बढीमा २५० के.जी. प्रति रोपनीका दरले समितिको सिफारिसको आधारमा निःशुल्क प्राङ्गारिक मल वा अनुदान सहयोग उपलब्ध गराइनेछ। प्राङ्गारिक तथा जैविक मल नियमन निर्देशिका २०६८ (संसोधन सहित) ले तोकेको मापदण्डका मलहरूमा मात्र अनुदान सहयोग उपलब्ध गराइनेछ। यसरी राहत प्राप्त गर्नको लागि कम्तीमा १ रोपनी जमिन र बढीमा २० रोपनी जमिनको लागि मात्र प्राङ्गारिक मल उपलब्ध गराउन सकिनेछ।

११. <u>बेर्ना वितरण कार्यक्रम</u> :

प्रभावित कृषकहरूले फलफूल, अलैंची, कफी जस्ता नगदे बालीहरूको व्यवसायिक खेती गर्न चाहेमा समितिको सिफारिसका आधारमा निःशुल्क विरुवा वितरण वा अनुदान सहयोग गरिनेछ। नेपाल सरकारले तोकेको दररेटमा नबढ्ने गरी नियमानुसार दर्ता भएका नर्सरीहरूबाट बिरुवा खरिद गरी प्रभावित कृषकहरूलाई निःशुल्क उपलब्ध गराइनेछ वा सो सरहको अनुदान सहयोग उपलब्ध गराइनेछ। यस्तो सुविधा लिने कृषकले कम्तीमा पनि १ रोपनी जग्गामा बिरुवा रोप्नुपर्नेछ र बढीमा १० रोपनी जग्गाको लागि आवश्यक विरुवा उपलब्ध गराइनेछ। यो सुविधा राहत उपलब्ध गराउँदा सकेसम्म अन्य राहत सुविधा प्राप्त नगरेकालाई प्राथमिकता दिइनेछ। आवश्यकताको आधारमा समितिको निर्णयवाट अन्य किसिमको राहत पाएकालाई पनि उपलब्ध गराउन सकिनेछ।

१२. <u>प्लाष्टिक घर निर्माणमा सहयोग कार्यक्रम</u> :

असिना र हावाहुरीको कारणवाट व्यवसायिक खेतीका लागि निर्माण गरिएका प्लाष्टिक घरहरू भत्किएमा वा प्रयोग भएको प्लाष्टिकमा क्षति भई पुनः प्रयोग गर्न नमिल्ने भएमा कृषकहरूको माग एवम् सम्बन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रको सिफारिसमा समितिको निर्णयले सिलपोलिन प्लाष्टिकमा अनुदान सहयोग वितरण गर्नेछ। यस्तो सुविधा पाउने कृषकले कम्तीमा पनि आधा रोपनी जग्गामा प्लाष्टिक घरभित्र व्यवसायिक खेती गरिरहेको हुनुपर्नेछ।

१३. प्राकृतिक प्रकोप, वाढी, पहिरो, आगोलागी वा विद्युत सर्ट भई कृषि सहकारी संस्थाको आफ्नै नाउको भवन वा कृषक/समूह/सहकारीको पशुपन्छी गोठघर आदि क्षति भई भवन पुनः प्रयोगमा आउन नसक्ने भएको भनी सम्वन्धित जिल्ला विपत् व्यवस्थापन समितिवाट सिफारिस भई आएमा बढीमा तीन लाख (३०००००।००) सम्म आकस्मिक सहयोग वा पुनर्स्थापना सहयोगस्वरूप मन्त्रालयले उपलब्ध गराउन सक्नेछ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

सचिव

१४. मन्त्रालयका माननीय मन्त्री वा सचिवले फिल्ड अनुगमनको क्रममा दफा ७, ८, ९, १०, ११, १२ र १३ मा उल्लेखित कार्यक्रमहरू बाहेक अन्य उपयुक्त लागेको विषयमा तत्काल सम्बोधन गर्न आवश्यक देखिएमा दफा ६ को प्रक्रिया पुर्याइ आकस्मिक सहयोग उपलब्ध गराउन सकिनेछ।

१५. उपरोक्त दफाहरूमा जुनसुकै कुरा लेखिएको भएतापनि कृषि बाली तथा पशुपन्छी बिमाले रक्षावरण नगर्ने विषयका हकमा यो कार्यविधि अनुदान सहयोग उपलब्ध गराउन बाध्य हुनेछैन।

## परिच्छेद ४

## भुक्तानीको प्रक्रिया

१६. भुक्तानीको प्रक्रिया

सम्बन्धित आवेदकले कार्यसम्पन्न गरिसकेपश्चात वा निर्माणको दौरानमा सम्बन्धित प्राविधिकको फिल्ड निरीक्षण प्रतिवेदन, सम्बन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रको सिफारिस, सामान खरिद बिल/रनिङ बिल वा सामग्री बुझेको भर्पाइ सहित कार्यप्रगतिको आधारमा आवेदकको बैङ्क खातामा सहयोग रकम जम्मा गरिनेछ वा चेक उपलब्ध गराइनेछ। साथै अन्तिम भुक्तानी माग्नु पूर्व सञ्चालित अनुदान सहयोग कार्यक्रमको सार्वजनिकीकरण समेत गरेको हुनुपर्नेछ।

## परिच्छेद ५

## अनुगमन तथा विविध

१७. अनुगमन तथा मूल्याङ्कन :

१) मन्त्रालय र निर्देशनालयले सम्बन्धित केन्द्र वा विज्ञ केन्द्र वा स्थानीय तहको सहयोग तथा समन्वयमा यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा निरीक्षण गर्नेछ।

२) मन्त्रालय र निर्देशनालयले यस कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ।

३) उपदफा (२) बमोजिमको निर्देशन पालना गर्नु आवेदकको कर्तव्य हुनेछ । साथै निर्माण कार्यसँग सम्बन्धित अनुदान सहयोगको विस्तृत विवरण सूचना सामग्री राख्नुपर्नेछ।

१८. अनुदान सहयोगको कार्यक्रम सम्पन्न भइसकेपछि सोको सञ्चालन एवम् व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित प्रभावितको हुनेछ।

१९. यस कार्यविधि बमोजिम अनुदान सहयोग पाउनका लागि प्रतिवेदन सहित सिफारिस गर्ने ज्ञान केन्द्र वा विज्ञ केन्द्रले अवास्तविक वा कृत्रिम घटनाका कारणले भएको क्षतिलाई समावेश गर्नुहुदैन।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

सचिव

२०. यस कार्यविधिमा उल्लेखित राहत सुविधा प्रदान गर्दा वार्षिक स्वीकृत कार्यक्रममा विनियोजित बजेटको परिधिभित्र रही कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२१. प्रचलित नियम कानुन लागू हुने : प्रचलित नियम कानुन लागू भएको अवस्थामा सोही बमोजिम र अन्य व्यवस्थाका सम्वन्धमा यसै कार्यविधि वमोजिम हुनेछ।

२२. बाधा अड्काउ फुकाउ सम्वन्धमा : यस कार्यविधि कार्यान्वयन सम्वन्धमा कुनै द्विविधा भएमा सोको निरूपण मन्त्रालयले गर्नेछ।

२३. संशोधनः यो कार्यविधि मन्त्रालयले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

सचिव